म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१६ अङ्क:- ६६ २०८१ माघ १० गते बिहीबार 23 January 2025, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-




## धनी राष्ट्रहरुलाई खबरदारी गर्न र्‍याली



समाज संवाददाता

हेटौंडाः गैरसरकारी संस्था महासंघ नेपाल बागमती प्रदेशको आयोजनामा हेटौंडामा खबरदारी र्‍याली सम्पन्न भएको छ । गरिब राष्ट्रहरुको न्यायको पक्षमा ध्यान दिन धनी राष्ट्रहरुलाई खबरदारी गर्ने उद्देश्यले र्‍याली गरिएको हो ।

जनवरी २० देखि २४ सम्म स्वीट्जरल्याण्डको डाभोसमा भइरहेको ४० भन्दा बढी विकसित राष्ट्रहरु संलग्न विश्व आर्थिक मञ्चको ५५ औं वार्षिक सम्मेलनमा गरिब तथा विकासोन्मुख राष्ट्रहरुको न्यायको पक्षमा ध्यान दिन दवाव सृजना गर्न र्‍याली आयोजना गरिएको गैसस महासंघ नेपाल बागमती प्रदेश अध्यक्ष कमलकुमार विश्वकर्माले बताउनुभयो । विकसित राष्ट्रका गतिविधिका कारण निम्तिएको विनाश र जलवायु परिवर्तनका कारण विकासशील राष्ट्रहरुमा नकारात्मक असर परेको उहाँको भनाइ छ ।

विकासशील देशहरुलाई परेको असरको न्यायोचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, मजदुरहरुलाई आधारभूत आवश्यकता पूरा गर्ने ज्यालाको व्यवस्था गर्नुपर्ने, जलवायु संकट समाधान गर्नुपर्ने, युद्ध र सैनिकीकरणमा हैन समावेशी समृद्धि र शान्तिका लागि लगानी गर्नुपर्ने माग गरिएको अध्यक्ष विश्वकर्माले जानकारी दिनुभयो । श्रमिकहरुको सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्ने, न्यायपूर्ण सम्पत्ति कर लागू गर्नुपर्नेलगायत माग रहेको उहाँले बताउनुभयो ।

गैसस महासंघ नेपालका केन्द्रीय सचिव बुद्धशरण लामाले धनी राष्ट्रहरुले गरेका विकास निर्माण र यान्त्रिकीकरणका कारण निम्तिएका विपद्को क्षतिपूर्ति उनीहरुले नै व्यहोर्नुपर्ने बताउनुभयो । राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश प्रमुख पवनकुमार भट्टले धनी राष्ट्रहरुले विकासशील राष्ट्रहरुलाई दिने सहयोग वा अनुदान दयामाया हैन अधिकार वा क्षतिपूर्तिको रुपमा हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

दवाव र्‍यालीले विभिन्न मागसहितको नारा लगाउँदै हेटौंडा बजार परिक्रमा गरी बुद्धचोकमा कोणसभा गरिएको थियो । कार्यक्रममा जनजाति महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, राष्ट्रिय अपांग महासंघ, नेपाल पत्रकार महासंघ, मजदर संगठन, नेपाल बार एसोसिएसनलगायत मानव अधिकारवादी संघसंस्थाको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन गैसस महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटाले गर्नुभएको थियो ।

## विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामग्री सहयोग



*विद्यार्थीलाई जुत्ता लगाइदिँदै डिभाइन युथ क्लबका स्वयंसेवी युवा ।*

समाज संवाददाता

गढन (बागमती) : पूर्वी मकवानपुरको बागमती गाँउपालिका-३ का ३ वटा विद्यालयका विद्यार्थीलाई न्यानो कपडा तथा शैक्षिक सामग्री सहयोग गरिएको छ । मंगलबार एकै दिन बागमती गाँउपालिकाको ३ नम्बर वडाका ३ वटा विद्यालयमा अध्ययनरत ६६ जना विद्यार्थीलाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गरिएको हो । विद्यार्थीलाई स्वीटर, टोपी, जुत्ता, झोला र कपी सहयोग गरिएको हो ।

बागमती गाँउपालिका-३ स्थित फूलमन्दिर आधारभूत विद्यालयका ११ जना विद्यार्थी, जनप्रभात आधारभूत विद्यालयका ३२ जना विद्यार्थी र जनश्रम आधारभूत विद्यालयमा अध्ययनरत २३ जना विद्यार्थीलाई न्यानो कपडा तथा शैक्षिक सामग्री सहयोग गरिएको छ । डिभाइन युथ क्लब नेपाल हेटौंडा तथा जगद्गुरुत्तम मन्दिर अध्यात्म केन्द्रले संयुक्तरुपमा सहयोग गरेको हो । वडा अध्यक्ष कमानसिं पाखिनको उपस्थितिमा सहयोग सामग्री हस्तान्तरण गरिएको हो । वडाध्यक्ष पाखिनले मानव कल्याण हेतु गरिएको सामाजिक कामका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

फूलमन्दिर आधारभूत विद्यालयमा २३ जना विद्यार्थी भर्ना भएको भए पनि जम्मा ११ जना विद्यार्थी मात्रै नियमित विद्यालय आउने गरेको प्रधानाध्यापक दीप बहादुर पाख्रिनले जानकारी दिनुभयो । चिसो र शैक्षिक सामग्री अभाव भएका कारण बालबालिकाको पठनपाठन प्रभावित नहोस् भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको डिभाइन युथ क्लब नेपालले जनाएको छ । डिभाईन युथ क्लब नेपालले हरेक वर्ष विद्यार्थीलाई सहयोग गर्दै आएको छ । कार्यक्रममा बागमती गाँउपालिकाको कार्यपालिका सदस्य एवम् ३ नम्बर वडा सदस्य भगवती माझी, वडा सदस्य तुल बहादुर मोक्तान, गाँउपालिकाका पशु स्वास्थ्य प्राविधिक राजेन्द्र गोलेको पनि आतिथ्य रहेको थियो ।

## गैँडाको आक्रमणबाट घाइतेको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको माडी नगरपालिका-१, ध्रुवचोकमा गैँडाको आक्रमणबाट घाइते भएका ५५ वर्षीय शिवराज भण्डारीको उपचारको क्रममा मृत्यु भएको छ ।

भरतपुर-५, विकासचोकका भण्डारीलाई गत बिहीबार दिउँसो २ बजेर ३० मिनेटको समयमा बा प्र ०६-००३ प ४३३९ नम्बरको मोटरसाइकलमा भरतपुरबाट माडीतर्फ जाँदै गर्दा जंगली गैँडाले आक्रमण गरेको थियो । गैँडाको आक्रमणबाट गम्भीर घाइते भएका भण्डारीलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । थप उपचारका लागि भण्डारीलाई चितवन मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा भण्डारीको आज बुधबार बिहान ६ बजेर २० मिनेटको समयमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

## गाँजासहित २२ वर्षीय युवक पक्राउ

समाज संवाददाता

हेटौँडा : मकवानपुर प्रहरीले मंगलबार मनहरी गाउँपालिका-८, सिम्पानीबाट ८१ किलो अवैध लागूऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कैलाश गाउँपालिका-४ का २२ वर्षीय युवक छेटुप थिङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मंगलबार साँझ ५ बजेको समयमा सवारी साधन रोकी सुरक्षाजाँच गर्ने क्रममा राक्सिराङ गाउँपालिकाको चैनपुरबाट हेटौँडातर्फ आउँदै गरेको बा प्र ०६-००१ च ००६२ नम्बरको बोलेरो पिकअप गाडीबाट लागूऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ । प्रहरीले गाँजा, बोलेरो जिप र चालक थिङलाई नियन्त्रणमा लिएको छ ।

मकवानपुर प्रहरीले दैनिकजसो लागूऔषध गाँजासहित मानिस पक्राउ गरिरहेको छ । मंगलबार बिहान पनि प्रहरीले मनहरीबाटै ६ किलो लागूऔषध गाँजासहित मनहरी-९, मगरटोलका ५४ वर्षीय दुर्गाबहादुर मोक्तानलाई पक्राउ गरेको थियो ।

यस्तै आइतबार बिहान हेटौँडा-१९, नेवारपानीबाट लागूऔषध गाँजासहित ११ केजीसहित २ जनालाई नियन्त्रणमा लिएको थियो । माघ ३ गते पनि मकवानपुर प्रहरीले राक्सिराङ-५, चैनपुरबाट लागूऔषध गाँजा २१२ केजीसहित बोलेरो जिप नियन्त्रणमा लिएको थियो ।






## सम्पादकीय

# प्रतिबन्धित गाँजाको कारोबार

नेपालमा गाँजालाई लागूऔषधको रुपमा परिभाषित गरेर कानुनले प्रतिबन्धित गरेको छ । गाँजाको खेती, उत्पादन, ओसारपसार, बिक्री र सेवनजस्ता सबै काम गैरकानुनी हो । तर, प्रतिबन्धित गाँजाको कारोबार मौलाउँदै गइरहको छ । जसको ज्वलन्त उदाहरण बनेको छ- पछिल्ला १० दिनमा मकवानपुर प्रहरीको कारबाही । अहिले दिनहुँजसो मकवानपुर प्रहरीले गाँजा बरामद गरिरहेको छ । गाँजासँगै ओसारपसारमा सलग्न व्यक्ति तथा सवारी साधन पनि प्रहरीले नियन्त्रणमा लिइरहेको छ । हरेक वर्ष गाँजा खेती नष्ट गर्दै आएको प्रहरीले दिनहुँ गाँजा बरामद गरेको घटनाले प्रहरीको गाँजा खेती नष्ट गर्ने अभियानलाई औचित्यहीन मात्र नभई केबल औपचारिकतामा सिमित गरिरहेको छ । गाँजा खेतीलाई नियमन गरेर वैधानिकता दिनुपर्ने चर्चा भइरहँदा गाँजाको उत्पादन र कारोबारमा सरकारको प्रयत्न निरर्थक बन्दै गएको छ ।

मकवानपुर प्रहरीले मंगलबार मनहरी-८, सिम्पानीबाट ८१ किलो अवैध लागूऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ । मंगलबार साँझ सवारी साधन रोकी सुरक्षा जाँच गर्ने क्रममा प्रहरीले राक्सिराङबाट हेटौंडा आउँदै गरेको बोलेरो पिकअपबाट गाँजासहित कैलाश-४ का २२ वर्षीय युवकलाई पक्राउ गरेको हो । मंगलबार बिहानमात्रै प्रहरीले मनहरीबाटै ६ किलो गाँजासहित मनहरी-९ का ५४ वर्षीय पुरुषलाई पक्राउ गरेको छ । आइतबार बिहान हेटौंडा-१९, नेवारपानीबाट ११ केजी गाँजासहित पर्सा जिल्लाका २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । शनिबार राति वीरगञ्ज-१९ बाट १९५ किलो गाँजासहित प्रहरीले हेटौंडा-१२ का ३६ वर्षीय युवकलाई पक्राउ गरेको छ । ट्रकबाट गाँजा अनलोड गरी परालको थुप्रोमा लुकाएर भाग्ने क्रममा ट्रक चालकसमेत रहेका उक्त युवकलाई प्रहरीले पक्राउ गरेको हो । गत बिहीबार पनि मकवानपुर प्रहरीले राक्सिराङ-५, चैनपुरबाट २१२ केजी गाँजासहित बोलेरो जिप नियन्त्रणमा लिएको थियो । उक्त जिपमा सवार दुई जना भने भाग्न सफल भएका थिए ।

अघिल्लो मंगलबार हेटौंडा-१५, रातोमाटेबाट मकवानपुर प्रहरीले १११ केजी लागूऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ । पिकअप गाडीमा लुकाएर लैजाँदै गरेको अवस्थामा गाँजा र गाडीसहित कैलाश-२ का गाडी चालकलाई प्रहरीले पक्राउ गरेको हो । अघिल्लो आइतबार हेटौंडा-१९, नेवारपानीस्थित इलाका प्रहरी कार्यालयको प्रहरी टोलीले १६ किलो गाँजासहित मनहरी-३ का ४० वर्षीय र हेटौंडा-११ का १९ वर्षीय युवकलाई पक्राउ गरेको थियो । सोही दिन बिहान रातोमाटेबाट प्रहरीले १०१ किलो गाँजासहित भारतीय कार र वीरगञ्ज-२६ का २० वर्षीय एक युवकलाई पक्राउ गरेको थियो । पछिल्लो १० दिनको अवधिमा प्रहरीले ८ पटक गरी ७३३ केजी लागूऔषध गाँजा बरामद गरेको छ । प्रहरीले गाँजा ओसारपसारमा प्रयोग भएको ४ वटा सवारी साधनसहित ९ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ८ जना ४० वर्ष मुनिका छन् ।

दिनहुँजस्तो अवैध लागूऔषध गाँजाको ओसारपसारमा संलग्न व्यक्तिसहित गाँजा बरामद गर्नुलाई गाँजा नियन्त्रणमा प्रहरी प्रशासन असफल बन्दै गएको पुष्टि गरेको छ । कानुनीरुपमा प्रतिबन्धित गाँजाको कारोबार फस्टाउँदै जानु भनेको गाँजाको कारोबार प्रहरीको नियन्त्रणबाहिर रहेको मान्न सकिन्छ । प्रहरीले धेरैजसो गाँजा बरामद विशेष सुराकीको आधारमा गर्दछ । बरामद गरिएका भन्दा कयौं गुणा बढी गाँजा प्रहरीले थाहा नपाउने गरी ओसारपसार भइरहेको अनुमान लगाउन कुनै कठिनाइ हुँदैन । प्रत्येक स्थानीय तहमा प्रहरी कार्यालय छ । प्रहरीले चाहेमा गाँजा खेती गर्नेको पूर्ण विवरण संकलन गरी गाँजाको विरुवा फँडानी गरेर नष्ट गर्न सकिने भए पनि प्रहरीले औपचारिकताका लागि मात्र गाँजा फँडानी अभियान चलाउने गरेको आशंका गर्न सकिन्छ । स्थानीय सरकारले पनि गाँजा खेती निरुत्साहित गर्न खासै चासो देखाएको देखिँदैन । प्रतिबन्धित गाँजाको कारोबार मौलाउनुले कानुनी राज्यको समेत उपहास हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।
**वृष** : परिबन्ध र बाध्यताले काममा खुम्चनु पर्ला ।
**मिथुन** : हिम्मतले काममा पूर्णता प्राप्त हुने समय छ ।
**कर्कट** : अचानक यात्रामा सरिक भइने समय योग छ ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ ।
**कन्या** : अनुशासन र कानुनको दायरामा रहँदा राम्रो ।
**तुला** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ ।
**वृश्चिक** : धार्मिक काममा सरिक भइने समय योग छ ।
**धनु** : कल्पनाशील भावुक बनिने समय योग छ ।
**मकर** : परोपकार र धार्मिक काममा मन जाने समय योग छ ।
**कुम्भ** : धार्मिक एवम् सामाजिक काममा मन जाला ।
**मीन** : प्रेममा अलमल र दोधार हुने समय योग छ ।

# म, म नै हुँ नि



सिएम रिमाल

कुण्ठित मनोभावनाले भरिएको मानिस सधैं आफूलाई ठूलो, संसारमा मभन्दा बुझ्ने कोही छैन जस्तो पात्रको रूपमा आफूलाई प्रस्तुत गर्न खोज्छ । आफ्नो स्वार्थका लागि ऊ कुनै पनि हदसम्म जान तयार हुन्छ, चाहे त्यसले अरूको विश्वास गुमाउँछ, आत्मसम्मान घटाउँछ वा सत्यको मार्गबाट विचलित गराउँछ । यस्तो मानिसको आचरण सधैं "म" मा केन्द्रित हुन्छ(सफलतामा आफूलाई श्रेय दिने तर असफलतामा अरूलाई दोषारोपण गर्ने । उसको दम्भले सधैं आफूलाई सही देखाउँछ र अरूलाई कमजोर साबित गर्न खोज्छ तर जीवनले सधैं अस्थायी स्वार्थलाई स्वीकार गर्दैन । सत्य, निष्ठा र विश्वास भनेका स्थायी मूल्यहरू हुन्, जसलाई गुमाउँदा जीवनमा ठूलो रिक्तता आउँछ ।

यसरी कुण्ठित मनोभावनाको वर्चस्वमा बाँचेको मानिसको जीवन हिउँमा लेखिएको अक्षरजस्तै अस्थायी हुन्छ । यो केवल व्यक्तिगत क्षणिक लाभका लागि सधैं सङ्घर्षरत रहन्छ । यस्ता मानिसहरूले सानो काममा ठूलो गर्व देखाउँछन् तर ठूलो जिम्मेवारीको सामना गर्न असक्षम हुन्छन् । जीवनको वास्तविक उद्देश्यलाई बिर्सेर उनीहरू सधैं सानो सानो सफलता खोज्दै आफ्नो दम्भलाई सन्तुष्ट पार्न चाहन्छन् तर संसारले यस्ता व्यक्तिहरूलाई कहिल्यै पनि पूर्ण रूपमा स्वीकार गर्दैन ।

एक कथा यहाँ प्रासङ्गिक छ । जङ्गलको राजा बाघ, आफ्नो शक्तिलाई जोगाउन सधैं षड्यन्त्रमा व्यस्त हुन्थ्यो । उसको निकट साथी बँदेल, जसले बाघको गुणगान गाएर आफ्नो सुरक्षाको प्रबन्ध गरेको थियो, उसैका षड्यन्त्रमा साझेदार बन्थ्यो । बाघले सबै जनावरलाई आतङ्कित पार्दै आफ्नो प्रभुत्व कायम राख्यो तर एक दिन जङ्गलका जनावरहरूले बँदेलको असली रूप थाहा पाए । जब बँदेलको षड्यन्त्र बाहिर आयो, बाघले पनि उसलाई त्याग गऱ्यो । बँदेल एक्लो भयो र उसको सम्मान पनि समाप्त भयो । यो कथा कुण्ठित मानिसहरूको जीवनको स्पष्ट प्रतिबिम्ब हो, जसले सधैं अस्थायी सुरक्षाका लागि सत्यलाई त्याग गर्छन् ।

जीवनले हामीलाई सधैं पाठ सिकाउने प्रयास गरिरहेको हुन्छ । यस्ता कुण्ठित मानिसहरूलाई बुझाउनुपर्छ कि स्वार्थले भरिएको जीवनले सधैं एक्लोपन र असन्तुष्टि मात्रै दिन्छ । सत्य र निष्ठाको मार्ग भने सधैँ स्थायी र स्थिर छ । सत्य, चाहे चुपचाप किन नहोस्, यसको प्रभाव दीर्घकालीन हुन्छ । अस्थायी स्वार्थ र छल-कपटले प्राप्त सफलता केवल क्षणिक हुन्छ । जीवनको मूलभूत नियम हो- सत्यसँग कहिल्यै सम्झौता नगर्नू ।

कुनै व्यक्तिले आफ्नो कमजोरी स्वीकार्न सक्दैन भने त्यो जीवनको सबभन्दा ठूलो कमजोरी हो । आत्मसमीक्षा नै सच्चा सुधारको सुरुवात हो । आफ्नो आचरणको समीक्षा गर्न सक्ने मानिसले जीवनलाई एक उज्यालो दिशा दिन सक्छ । यस्तो व्यक्तिले न केवल आफ्नो जीवनलाई सन्तुलित बनाउँछ न अरूलाई पनि प्रेरित गर्न सक्षम हुन्छ । तर, कुण्ठित मानिस भने सधैं आफ्ना कमजोरीलाई लुकाउन प्रयास गर्छ । ऊ आफ्नो गल्तीमा पर्दा हालेर अरूको आलोचना गर्छ र यसरी उसको जीवन झन अन्योलपूर्ण बन्दै जान्छ ।

जीवनमा सच्चा स्थायित्व प्राप्त गर्न निष्ठा, विनम्रता र सहकार्यको महत्व बुझ्न आवश्यक छ । सत्य, निष्ठा र विश्वास जस्ता मूल्यहरूलाई आत्मसात् गर्ने हो भने जीवनको हरेक क्षेत्रमा सफलता प्राप्त गर्न सकिन्छ । यस्ता मूल्यहरु केवल व्यक्तिगत जीवनमा मात्र होइन, सामाजिक जीवनमा पनि उत्तिकै प्रभावकारी हुन्छन् । मानिसहरूबीचको विश्वासको डोरी बलियो हुँदा समाज प्रगतिशील हुन्छ ।

कुण्ठित मानिसको मुख्य समस्या भनेकै उसको अहङ्कार हो । अहङ्कारले मानिसलाई सधैं आफैंलाई केन्द्रमा राख्न बाध्य बनाउँछ । यस्तो मानिसले अरूको परिश्रमलाई कहिल्यै मूल्याङ्कन गर्न सक्दैन । ऊ केवल आफ्नो सफलता देख्छ र अरूको योगदानलाई सधैं कम आँक्छ । अहङ्कारले मानिसलाई एक्लोपनको दिशामा डोयाउँछ । यसले न त आत्मसन्तुष्टि दिन्छ न त आत्मसम्मान । जीवनलाई सार्थक बनाउन अहङ्कारको भारलाई फाल्नुपर्छ । विनम्रता अपनाउन सके मात्र जीवनले सच्चा रूप धारण गर्छ ।

विश्वास भनेको कुनै वस्तु होइन, जुन तुरुन्तै प्राप्त हुन्छ । यो त कर्म र आचरणको प्रतिफल हो । एकचोटि विश्वास गुमायो भने यसलाई फिर्ता ल्याउन निकै गाह्रो हुन्छ । मानिसले आफ्नो सम्पत्ति गुमाएर पनि जीवनलाई पुनः निर्माण गर्न सक्छ तर विश्वास गुमायो भने त्यो जीवनभरि पछुताउनुपर्ने अवस्था आउन सक्छ । त्यसैले सधैं सत्यको मार्गमा हिँड्नुपर्छ र विश्वासलाई कुनै पनि हालतमा खल्बलिन दिनु हुँदैन ।

यस्ता कुण्ठित मानिसहरूलाई सम्झाउनु पर्छ कि संसारमा केही कुरा अस्थायी छन् र केही कुरा स्थायी । अस्थायी कुरा भनेको तपाईंको अहङ्कार, स्वार्थ र कुण्ठा हो । तर सत्य, निष्ठा, र सहकार्य भने स्थायी कुरा हुन् । यी मूल्यहरूले मात्र मानिसलाई दीर्घकालीन रूपमा सफल बनाउँछ । मानिसलाई प्रेरणादायी जीवन जिउन सिक्नुपर्छ । आत्मविश्लेषणको अभ्यासले मानिसलाई आफ्ना कमजोरीलाई स्वीकार्न र तिनलाई सुधार गर्न मद्दत गर्छ ।

अर्को कुरा, जीवनमा सहकार्यको महत्व पनि अत्यन्तै महत्वपूर्ण छ । सहकार्यले मानिसलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न सिकाउँछ । सहकार्यको भावना बिना कुनै पनि समाजले प्रगति गर्न सक्दैन । सहकार्यले मानिसलाई आफ्ना कमजोरीलाई सुधार्न र अरूको क्षमतालाई स्वीकार्न प्रेरित गर्छ । सहकार्यको अभ्यासले मानिसलाई आत्मसन्तुष्टि र सामूहिक सफलता प्रदान गर्छ ।

जीवन भनेको केवल व्यक्तिगत सफलता प्राप्त गर्ने यात्रा होइन । यो त समाजप्रति हाम्रो दायित्व पूरा गर्ने माध्यम पनि हो । कुण्ठित मानिसहरूलाई आफ्नो स्वार्थभन्दा माथि उठ्न सिकाउनुपर्छ । उनीहरूलाई सम्झाउनुपर्छ कि व्यक्तिगत स्वार्थले कुनै पनि सफलता दिगो हुँदैन । दीर्घकालीन सफलता भनेको सत्य, निष्ठा र विश्वासको जगमा आधारित हुन्छ ।

समाप्तिमा, कुण्ठित मनोभावनाले भरिएको जीवन केवल अँध्यारो र असन्तुष्टिले भरिएको हुन्छ । तर सत्य, निष्ठा, र सहकार्यको मार्गमा हिँड्ने मानिसको जीवन उज्यालो र सन्तुष्टिले भरिएको हुन्छ । प्रत्येक कुण्ठित व्यक्तिलाई भनौँ- आफ्नो स्वार्थको सानो घेराबाट बाहिर निस्क । सत्यको उज्यालो अँगाल । आत्मसमीक्षा गर । आफ्नो कमजोरीलाई सुधार । सहकार्यको महत्व बुझ । केवल यस्तै जीवनले सच्चा सन्तोष, आत्मसम्मान र सफलताको परिभाषा दिन्छ । सत्य, निष्ठा र विश्वासको बाटो अँगाल्नसके जीवनको हरेक चुनौतीलाई सहजै पार गर्न सकिन्छ ।

*कुण्ठाले घेरिएको मन सधैँ अशान्त हुन्छ*
*सत्यलाई अङ्गाल्दा आत्मा हलुका हुन्छ*

*त्यसैले, प्रत्येक कुण्ठित व्यक्तिलाई भनौँ*
*स्वार्थको सानो घेराबाट बाहिर निस्क*

*सत्य, विश्वास र विनम्रताको सागरमा डुब*
*त्यहाँ तिमीलाई शान्ति र सन्तोष भेटिन्छ ।*

# किन बनाउने मेघा स्कुल ?



देवप्रसाद श्रेष्ठ

हालै हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडाका अध्यक्षको सक्रियतामा हेटौँडाका दुई ठूला विद्यालय गाभेर मेघा स्कूल बनाउने कार्यदल बनेको छ । २०१६ सालमा स्थापना भएको भुटनदेवी र २०२४ सालमा स्थापना भएको आधुनिक दुइवटै विद्यालयको आआफ्नै अलग-अलग ऐतिहासिक, सामाजिक अस्तित्व छ । दुई ठूला विद्यालयलाई गाभेर मेघा स्कूल बनाउनुपर्ने महत्वाकांक्षा किन आइपऱ्यो ? अहिलेको आवश्यकता भनेको दुई ठूला व्यवस्थित रुपमा सञ्चालन भइरहेको विद्यालयका विद्यार्थीलाई एकै ठाउँमा राखेर भद्रगोल बनाउने हो कि, अहिलेको आवश्यकता व्यावसायिक र सीपयुक्त र सक्षम नागरिक उत्पादन गर्न दुबै विद्यालयलाई नीति निर्माण गरेर साधन सम्पन्न बनाउने ?

केहि व्यक्तिहरुको अहम् र तुष्टि मात्र गर्न यो काम गर्न लागेको हो भने यो प्रत्युपादक मात्र हुनेछ । निरंकुश पञ्चायत कालमा निरंकुशतालाई स्विकार्न नचाहने स्वाभिमानी शिक्षकलाई व्यवस्था विरोधीको संज्ञा दिएर दबाइन्थ्यो । हक, अधिकार प्राप्त राज्यसंयन्त्रमा बसेका ठालुहरुले आफूभन्दा तलका नागरिकलाई उहिले पनि मिचेकै थियो । अहिले पनि मिच्ने नै गर्दै आइरहेको छ ।

हेटौँडा चिसापानीका किसानहरुले खनजोत गरी हराभरा बनाएको १२० बिगाहा भन्दा बढी जमिन तात्कालिन राजा महेन्द्रले राजदरबारका १५ जना सचिव र सरदारहरुलाई हुकुम प्रमाङ्गी गरेर दिएपछि निमुखा आन्दोलनकारी किसानहरुको समर्थन गरेकै कारण शिक्षकहरुप्रतिको प्रतिशोधका कारण तत्कालिन नारायणी अञ्चलाधीश दामोदर शमशेरको निर्देशनमा १ देखि १० कक्षासम्म चलेको विद्यालयलाई टुक्र्याएर आधुनिकलाई १ महिना भित्र भुटनदेवीको चौघेराबाट बाहिर लैजान निर्देशन दिएको थियो । तर सबै शिक्षक अभिभावकको सद्भाव र समर्थनमा आधुनिकले त्यस स्थानबाट अन्त नजाने तर जस्तै दुःख र संघर्ष गर्नु परे पनि गर्ने अठोटका साथ एक वर्षसम्म साना-साना बालबालिकाले पुस, माघको चिसोमा बिहान र गर्मीमा दिउँसो रुखको छहारीमा पढेर जन्माएको विद्यालय हो आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय । यसरी ढुङ्गा, माटो, इट्टा, काठ, चिसापानीगढीका पुराना जस्ता जम्मा गरेर प्राकृतिक र राजनैतिक आँधी, हावा-पानी, हुरीबाट जोगाउँदै २० औं बर्षदेखि जिल्लामै प्रथम भएर नमूना विद्यालयको रूपमा इज्जत र प्रतिष्ठाका साथ स्थापित भएको विद्यालय हो आधुनिक ।

यो इज्जत र प्रतिष्ठा कायम गरेर छाप्रोबाट ५७ वर्षपछि यो स्थितिमा आइपुग्न हाम्रा शिक्षक साथीहरु विद्यालयप्रति सहयोग समर्थन जुटाउने अभिभावक, सञ्चालक, शुभेच्छुकहरुले थुप्रै पसिना बगाउनु भएको छ । बालबालिकाहरुको भविष्य निर्माण गर्ने शिक्षण पेशालाई मर्यादित र सम्मानित बनाउन यहि विद्यालयको चौघेरा भित्र शिक्षक साथीहरुले त्याग, तपस्या र जेल-नेलको पनि सामना गर्नुपरेको छ । हजारौं हजार बालबालिकाको सद्भाव र सम्मान पाउने मर्यादित र सम्मानित शिक्षण पेसालाई अहिलेको सरकार र पदमा बस्नेहरुले माखो जति पनि सम्झेको छैन ।

यसरी नै हेटौँडामा पहिले स्थापना भएको भुटनदेवी माध्यमिक विद्यालयको पनि आफ्नै गौरवशाली इतिहास छ । एक दुई रुपैयाँ विद्यार्थीसँग चन्दा उठाएर आधा पेट पालेर पनि निरन्तर संघर्ष गर्दै यो विद्यालयले प्रारम्भिक अवस्थादेखि नै योग्य र सक्षम नागरिक जन्माउँदै आएको छ । नाम चलेका डाक्टर, इन्जिनियर, सांसद, मन्त्री, उद्योगी, शिक्षक र सामाजिक अभियन्ताहरु यहि विद्यालयबाट सक्षम नागरिक भएर आएको इतिहास छ । शिक्षण पेसा मर्यादित सम्मानित र निर्धक्क भएर पढाउने वातावरण भयो भने मात्र शिक्षकले काम गर्न सक्छन् । यहि नारा बोकेर पेन्सन, उपदान र संगठित हुन पाउनका लागि यहि भुटनदेवीको मैदानबाट राष्ट्रव्यापी आन्दोलनको शंखनाद गरेको थियो । पञ्चायात कालको उग्र दमन, जेल-नेल भोगेको थियो । जसको प्रतिफल आजका शिक्षकहरुले पाइरहेका छन् ।

विद्यालयप्रति सदाशय राख्ने, उन्नति र प्रगति चाहने व्यक्ति संचालक वा सरकार जो कोहि होस् उहाँहरुको निरन्तर प्रयास बालबालिकाहरुको भविष्य निर्माणमा केन्द्रित भएर सघाउने हो । दुबै विद्यालयको इतिहास मेटेर स्टन्टबाजीका लागि हो हल्ला गर्ने होइन । हेटौँडाका बालबालिकाको पठनपाठनका लागि २०१८ सालमा गठित राप्ती दुन विकास समितिले विद्यालयको नाममा १० बिगाह जग्गा छुट्याएको हो । सोहि जग्गाको चौघेरामा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय पनि स्थापित भएको छ । यो विद्यालयलाई पूर्वाग्रह र पञ्चायतका प्रेतात्माका अवशेषले विगत केहि वर्षअघिसम्म बाटोसम्म थुन्ने निरन्तर प्रयास गरेको थियो ।

भुटनदेवी माध्यमिक विद्यालयको अनुपातमा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले चर्चेको थोरै मात्र जग्गा छ । यो विद्यालयको पुर्वपट्टी बाटो खोलेर बालबालिकालाई सहज बनाउनु जिम्मेवार नागरिकको कर्तव्य हो । दुबै विद्यालयमा पढ्ने बालबालिकाहरु यहि भेगका साधारण नेपाली जनताका छोराछोरी हुन् । दुबै विद्यालयलाई उचित वातावरण श्रृजना गरेर स्वस्थ प्रतिस्पर्धा गराएर असल र कामयावी नागरिक उत्पादन गर्नु असल नागरिक र जिम्मेवार व्यक्तिको कर्तव्य होइन र ?

हेटौँडाको परिवेशमा भुटनदेवी र आधुनिकले ऐतिहासिक, सामाजिक र राजनीतिक रुपले बेग्लै पहिचान बनाएर यस ठाउँमा आफ्नो छवी छाड्न सफल भएको छ । यो इतिहासलाई मेट्ने कसैलाई अधिकार छैन । अहिले केहि व्यक्तिहरु जानेर वा नजानेर आफ्नो इज्जत र प्रतिष्ठाका साथ व्यवस्थित रुपमा संचालन भैरहेको विद्यालयलाई एकीकृत गर्ने नाममा स्टन्टबाजी गर्दैछन् । स्वाभिमानी शिक्षक, चेतनशील अभिभावक र नागरिकहरु टुलुटुलु हेरेर बसिरहेका छैनन् । राजनैतिक दल र त्यसको छाँयामा भौंतारिरहेका व्यक्तिहरुले सर्वसाधारण जनताको मनसाय बुझेर मात्र काम गर्दा फलदायी हुन्छ ।

(श्रेष्ठ भुटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय मावि दुबैमा प्रधानाध्यापकको जिम्मेवारी निर्वाह गर्नु भई सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)

# कांग्रेस नेता बानियाँले राजदूत डा. शर्मालाई भेटे



*भारतस्थित नेपाली राजदूतावासमा नेपाली काँग्रेस बागमती प्रदेश समितिका सभापति इन्द्रबहादुर बानियाँसहितको टोली राजदूत डा. शंकरप्रसाद शर्मासँग ।*

समाज संवाददाता

हेटौँडा : नेपाली कांग्रेस बागमती प्रदेश समितिका सभापति ईन्द्रबहादुर बानियाँ र भारतका लागि नेपाली राजदुत डा. शंकर शर्माबीच भारतमा रहेका नेपालीहरुको विभिन्न समस्या र समाधानका विषयमा छलफल भएको छ ।

भारतस्थित नेपाली राजदूतावासमा बुधबार विहान भएको भेटमा भारतमा बसेर व्यवसाय गरिरहेका नेपाली नागरिकको समस्या र नेपालबाट स्वास्थ्य उपचारका लागि दिल्ली पुगेका नेपालीले व्योहोर्नु परेका समस्या समाधानका बारेमा राजदूत डा. शर्माबीच छलफल भएको बानियाँको सचिवालयले जानकारी दिएको छ ।

नेता बानियाँले भारतमा कार्यरत नेपाली मजदुर, विभिन्न व्यवसाय गरी बसेका व्यवसायीहरुको उपचार, दुर्घटनामा परी घाईते तथा मृत्यु भएका परिवारले ब्यहोर्नुपर्ने झण्झटिलो प्रक्रियाको छिटो समाधानका उपाय र नेपालीहरुको स्वास्थ्य बीमाको प्रक्रिया बारेमा राजदूत शर्मासँग छलफल गर्नुभएको थियो । राजदूत डा. शर्माले दुई देशबीच गहिरो मित्रता रहेकाले भारत सरकारबाट नेपालीहरुको स्वास्थ्य उपचारमा आवश्यक सहयोग पाइरहेको र केही समस्या परेमा दूतावासमा सम्पर्क गर्नसमेत छलफलमा आग्रह गर्दै नेपाली व्यवसायीहरुको विभिन्न समस्या समाधानका लागि भारत सरकारसँग आवश्यक समन्वय गर्ने बताउनुभएको छ ।

छलफलमा नेता बानियाँसहित कांग्रेस बागमती प्रदेश कानून तथा संसदीय मामिला विभाग प्रमूख सानुकान्छा श्रेष्ठ, राजदूतावासका सहसचिव सुरेन्द्र थापा, श्यामराज पाण्डे, अर्जुन धरेलगायत विरामीका आफन्त तथा व्यवसायीहरुको सहभागिता रहेको थियो । यसअघि नेता बानियाँले मंगलबार नयाँदिल्लीका विभिन्न अस्पतालमा उपचाररत नेपाली विरामी तथा आफन्तलाई भेटी उपचारमा परेका कठिनाईको बारेमा बुझ्दै समाधानका लागि नेपाल सरकारको परराष्ट्र मन्त्रालय र भारतस्थित नेपाली राजदूतावाससँग छलफल तथा समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

# हेटौंडा-१८ नम्बर वडा बालमैत्री घोषणा

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिका-१८ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । बुधबार एक समारोहबीच 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेको हो । वडाध्यक्ष अनिलकुमार बानियाँको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

वडाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै वडाध्यक्ष बानियाँले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूराभएसँगै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको जानकारी दिनुभयो । ५१ वटा सूचकमध्ये ४६ वटा सूचकमा १०० प्रतिशत र बाँकी सूचकमा घोषणाका लागि आवश्यक नतिजा हाँसिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको उहाँले बताउनुभयो । बालबालिकाका लागि पञ्चवर्षीय लगानी योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको उहाँको भनाई छ ।

बाल विकास केन्द्रसहित वडामा ४ वटा सामुदायिक, २ संस्थागत गरी ६ वटा विद्यालय संचालनमा छन् । टोलस्तरीय १२ र विद्यालयस्तरीय ६ गरी १८ वटा बाल समूह र एउटा वडा बाल सञ्जाल गठन भएको वडाध्यक्ष बानियाँले जानकारी दिनुभयो । जसमा ४ सय ५० जना बालबालिका आवद्ध छन् । विभिन्न संरचनागत समितिमा ५१ गरेर ५०१ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको छ । वडाले २०७९ साल मंसिर २३ गतेबाट बालमैत्री स्थानीय शासन पद्दतिको अवलम्बन गरी अवधारणाको शुरुवात गरेको थियो ।

घरधुरी सर्वेक्षण-२०७९ अनुसार वडामा ४ हजार एक सय १८ महिला र ४ हजार २ सय ५८ पुरुष गरी ८ हजार ३ सय ७६ जनसंख्या रहेको छ । एक हजार २ सय ३० बालक र एक हजार एक सय १९ बालिका गरी २ हजार २ सय ४९ बालबालिका छन् । २०८० साल चैत १६ गते पूर्णखोप, २०७३ साल भादौ ३० गते पूर्णसाक्षरता र २०६७ साल चैत २१ गते खुल्ला दिसामुक्त वडा घोषणा भइसकेको छ । यसअघि १४ वटा वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भइसकेको छ ।

१८ नम्बर वडा पनि बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणासँगै बालमैत्री घोषणा हुने वडाको संख्या १५ पुगेको छ । १ नम्बर वडा ११ गते, ३ नम्बर वडा १३ गते, १५ नम्बर वडा १५ गते बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको तयारीमा छ । यस्तै १४ नम्बर वडा भने बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको तयारीमा छैन् । कार्यक्रममा जिल्ला समन्वय समति मकवानपुरका सदस्य विष्णुमाया थापालिया, हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय प्रमुख सुर्यप्रसाद गौतम, जनप्रतिनिधी, विद्यार्थी, शिक्षक, अभिभावक लगायत विभिन्न संघसंस्थाको सहभागीता रहेको थियो ।

## हेटौंडा उप-महानगरपालिकामा निर्माण हुने हेटौंडा खानेपानी आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

### सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१०)*

बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाण्डौ |
| प्रस्तावको व्यहोरा | आयोजनाको नाम : हेटौंडा खानेपानी आयोजना हेटौंडा उप-महानगरपालिका वडा नं १ देखि वडा नं १२, १५,१७ र १९ मा राप्ती नदीको सतही पानी तथा भूमिगत पानी पम्प गरी खानेपानी आपुर्ति गर्ने । |
| प्रभाव पर्न सक्ने जिल्ला/ उप म.न.पा./न.पा. | मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकाका वडा नं १ देखि वडा नं १२, १५,१७ र १९ वडाहरु । |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वरपरको क्षेत्र, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना<br>आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाण्डौ<br>फोन नं : ०१-४००६६८८<br>ई-मेल : iwssmp@gmail.com | WAPCOS in association with CEMAT Consultants (P) Ltd<br>फोन नं : ०१-४५३४६३८<br>ई-मेलः nepalwapcos@gmail.com |

**आयोजना निर्देशक**

# वन विज्ञान संकायको डीनमा प्रा. पोख्रेल नियुक्त

समाज संवाददाता

हेटौँडा : कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको हेटौँडास्थित वन संकायको डीनमा प्राध्यापक बासुदेव पोख्रेल नियुक्त हुनुभएको छ । विश्वविद्यालयको कार्यकारी परिषद्ले पोख्रेललाई ४ वर्षे कार्यकालका लागि डीन नियुक्त गरेको हो । मंगलबार नियुक्तिपत्र पाउनुभएका प्रा. पोख्रेलले बुधबार पदभार ग्रहण गर्नुभएको छ ।

यसअघि २ कार्यकाल सहायक डीन हुनुभएका प्रा. पोखेल २०४९ सालमा तत्कालिन त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वनविज्ञान संकायबाट सेवा प्रवेश गर्नुभएको थियो । २०६९ सालमा कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना भएपछि त्रिविबाट कृषि तथा वन विज्ञान विश्वविद्यालयमा रहनुभएका पोखेल २०७२ सालमा प्राध्यापक हुनुभयो ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस कीर्तिपुरबाट २०४९ सालमै विज्ञान संकायअन्तर्गत प्राणीशास्त्रमा स्नात्तकोत्तर उपाधि हासिल गर्नुभएका पोखरेल आफ्नो कार्यकालमा नियमित कामलाई चुस्तदुरुस्तरुपमा सम्पन्न गर्नुका साथै शैक्षिक गुणस्तर बढाउन ध्यान दिने बताउनुहुन्छ । प्राध्यापकको संख्यामा कमि आएको र विद्यार्थीको पढाई समयमै पूरा गर्ने वातावरण निर्माण गर्नु चुनौतिको विषय भएको उहाँको भनाइ छ । अहिले वन संकायमा स्नातक तहमा तीन सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् भने स्नात्तकोत्तर तहमा एक सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यस्तै वन संकायतर्फ ३ जना अनुसन्धाताले विद्यावारिधी उपाधिका लागि अध्ययन, अनुसन्धानको कार्य गरिरहेको प्राध्यापक पोख्रेलले जानकारी दिनुभएको छ ।

# भरुवा बन्दुकसहित जीतबहादुर पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले अवैध भरुवा बन्दुकसहित मनहरी गाउँपालिका-९ स्थित हरियाली सामुदायिक वनबाट एक जनालाई पक्राउ गरेको छ । मंगलबार साँझ ५ बजेको समयमा भरुवा बन्दुकसहित राक्सिराङ्ग गाउँपालिका-१, गडुवानका ५२ वर्षीय जीतबहादुर थिङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

भरुवा बन्दुक बोकेर हिँडिरहेको अवस्थामा थिङलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । थिङको साथबाट भरुवा बन्दुक एक थान, फलामको विभिन्न आकारको गोलाकार बेरिङ १३ थान, फलामको जस्तो देखिने विभिन्न आकारको लाम्चो आकारको वस्तु ३३ थान, बारुद जस्तो देखिने पाउडर ३ सय ५ ग्राम, ढुंगाको जस्तो देखिने वस्तु २४ थान, खुकुरी १ थान बरामद भएको प्रहरीले जनाएको छ । थिङविरुद्ध हातहतियार तथा खरखजना सम्बन्धी मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

## भीम विरागको स्मृतिमा तेस्रो अन्तरविद्यालय खुल्ला एकल गायन प्रतियोगितासम्बन्धी सूचना

यस ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयले बालबालिकाका अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले विगतका वर्षझैं यस वर्ष पनि गीतकार, गायक तथा सङ्गीतकार भीम विरागको स्मृतिमा तेस्रो अन्तरविद्यालय खुल्ला एकल गायन प्रतियोगिता यही २०८१ फागुन १५ गते हुने लागेको सहर्ष जानकारी गराउँछौं । उक्त प्रतियोगितामा मकवानपुर जिल्लाका संस्थागत तथा सामुदायिक विद्यालयबाट एक जना छात्र वा छात्रा प्रतिभा छनोट गरी पठाइदिनुहुन अनुरोध गर्दछौं ।

**प्रतियोगिताका नियमहरुः**

- प्रतियोगितामा कक्षा १ देखि कक्षा १० सम्म अध्ययन गरिरहेका विद्यार्थीले भाग लिन पाउने छन् ।
- गीत नेपालीपन झल्कने सन्देशमूलक (स्वदेशी गाना/आधुनिक) हुनुपर्नेछ ।
- गीत वाद्यवादन बजाएर वा ट्र्याक बजाएर गाउन सकिने छ ।
- वाद्यवादन बजाएर गाउने हो भने कुन-कुन वाद्यवादन बजाएर गाउने (जस्तै गितार, मादल, किबोर्ड, ड्रमसेट, बाँसुरी आदि) अग्रिम जानकारी गराउनु पर्नेछ ।
- किबोर्ड आफ्नै छ भने ल्याउन सक्नुहुने छ । छैन भने हामीसित भएको YAMAHA PSR, घटछ Model को किबोर्ड उपलब्ध गराउने छौं । अन्य वाद्यवादन आफैंले लगाउनु पर्नेछ ।
- प्रत्येक सहभागीले विद्यार्थीको नामसहित आफूले गाउने गीतको बोल टिपाउनु पर्नेछ । रेकर्ड नभएको नयाँ गीत भए सफा अक्षरमा लेखेर वा प्रिन्ट गरेर आयोजकलाई उपलब्ध गराउनु पर्ने छ ।
- ट्र्याकमा गाउनेले आफूले गाउने गीतको Mp3 पेनड्राइभमा उपलब्ध गराउनु पर्ने छ । विकल्पका रूपमा मोबाइलमा पनि ल्याउनु होला ।
- वाद्यवादन बजाएर गाउने हो भने आफ्ना वाद्यवादनहरू पालो आउनु अगावै ट्युनिङ मिलाएर राख्नु पर्नेछ ।
- मूल्याङ्कन निष्पक्ष बनाउनका लागि सहभागी प्रतिभा र वाद्यवादकहरु बाहिरी पोसाकमा सहभागी हुनु पर्ने छ ।
- सहभागी विद्यालयले फागनु १० गतेभित्र आफ्नो नाम दर्ता गराइसक्नु पर्ने छ । दर्ता शुल्क रु. १५००/- लाग्ने छ ।
- प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतिभालाई क्रमशः रु. १०,०००/-, रु. ७०००/- र रु. ५०००/- नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ भने एक जनालाई प्रोत्साहन पुरस्कार रु. २५००/-, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ ।
- दर्ता तथा थप जानकारीका लागि श्री आल्देन लिङ्देन (९८०१०२९२०५), श्री बेनु शर्मा पराजुली (९८४५०२९४४३ वा ९८०२५२९४४३)

**कार्यक्रम हुने मिति : २०८१ फागुन १५ गते**
समय : बिहान ११:०० बजेदेखि
स्थान : ज्ञानोदय बालवाटिका आवासीय मा.वि. हेटौंडा-५, पिप्ले

**प्रिन्सीपल**
**ज्ञानोदय बालवाटिका आवासीय मा.वि.**
**हेटौंडा-५, पिप्ले**

## हेटौंडा उप-महानगरपालिका वडा नं १५ मा प्रशोधन केन्द्र रहने गरी हेटौंडामा कार्यान्वयन हुने मानव मलमूत्र व्यवस्थापन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

### सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१०)*

बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौंडा उप-महानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाण्डौ |
| प्रस्तावको व्यहोरा | आयोजनाको नाम : हेटौंडा मानव मलमूत्र व्यवस्थापन आयोजना<br>हेटौंडा उप-महानगरपालिकाका वडा नं. ६, ७ तथा १४ देखि १८ वडा सम्म का घरधुरीहरुबाट मानव मलमूत्र संकलन गरी वडा नं १५ स्थित चित्रेपानी सामुदायिक वनमा प्रशोधन केन्द्र निर्माण गर्न प्रस्ताव गरिएको । |
| प्रभाव पर्न सक्ने जिल्ला/ उप म.न.पा./न.पा. | मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकाका ६, ७ तथा १४ देखि १८ सम्मका वडाहरु । |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको वरपरको क्षेत्र, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना<br>आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाण्डौ ।<br>फोन नं : ०१-४००६६८८<br>ई-मेल : iwssmp@gmail.com | WAPCOS in association with CEMAT Consultants (P)Ltd<br>फोन नं : ०१-४५३४६३८<br>ई-मेलः nepalwapcos@gmail.com |

**आयोजना निर्देशक**

# पुनर्नभा अस्पतालको भवन शिलान्यास


*एक लाख रुपैयाँ सहयोग रकमको चेक हस्तान्तरण गर्नुहुँदै मन्त्री किरण थापा ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा-९, कर्रामा पुनर्नभा अस्पताल भवन शिलान्यास गरिएको छ। बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री किरण थापाले बुधबार बिहान भवनको शिलान्यास गर्नुभएको छ । मन्त्री थापाले प्रदेश सरकारबाट भवन निर्माणका लागि सहयोग गरिने प्रतिबद्धता समेत जनाउनुहुँदै व्यक्तिगत १ लाख रुपैयाँ नगद सहयोग गर्नुभयो।

२ कोठे भवन ६० लाख रुपैयाँको लागतमा करिब ३ महिनाभित्र निर्माण कार्य सम्पन्न गरिसक्ने बताइएको छ। लायन्स क्लब अफ हेटौँडाको स्वामित्वमा रहेको जमिनमा लायन्स क्लब र पुनर्नभा अस्पतालको सहकार्यमा अस्पताल सञ्चालनका लागि भवन निर्माण गर्न लागिएको हो। लायन्स क्लब अफ हेटौंडाका अध्यक्ष तुल्सी रिजालले लायन्स क्लबको स्वामित्वमा रहेको जमिनमा लायन्स क्लब र पुनर्नभा अस्पतालको सहकार्यमा अस्पताल सञ्चालनका लागि भवन निर्माण गर्न लागिएको बताउनुभयो। हेटौँडामा क्रियाशील ४६ लायन्स सदस्यबाट ४२ लाख रुपैयाँ सहयोग संकलन भइसकेको उहाँको भनाई छ।

लायन्स क्लब अफ हेटौँडाका पूर्वअध्यक्ष सुदर्शन अधिकारीले ५० लाख रुपैयाँ व्यक्तिगत सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ। हाल हेटौंडा-४, हुप्रचौरमा भाडाको घरमा पुनर्नभा अस्पताल सञ्चालन भइरहेको छ। कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, वडाध्यक्ष सुकराम केसी र फूर्वादोर्जे लामा, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालकी अध्यक्ष टासी डोल्मा तुम्बाहाङ्फे लगायतको उपस्थिति रहेको थियो।

# दुर्घटनामा मंगलबार ५ जना घाइते

समाज संवाददाता

हेटौँडा : मकवानपुरमा मंगलबार सवारी दुर्घटनामा परी ५ जना घाइते भएका छन्। दुई छुट्टा-छुट्टै स्थानमा भएको दुर्घटनामा ५ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

मंगलबार दिउँसो ३ बजेर ४० मिनेटको समयमा हेटौँडा-४, भैरवरोडबाट भित्री सडकखण्डमा विद्युत प्राधिकरणको केन्द्रीय वर्कसप कार्यालयबाट शान्तिनगर तर्फ जाँदै गरेको प्र २-०३-००१ प ३०७२ नम्बरको स्कुटरलाई सोही दिशातर्फ जाँदै गरेको ना ६१ प १७३३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा ३ जना घाइते भएका थिए।

दुर्घटनामा मोटरसाइकलमा सवार हेटौँडा-८, मिलनचोककी १९ वर्षीया सविता दंगाल, स्कुटर चालक हेटौँडा-५, शान्तिनगरकी १९ वर्षीया जेनि जंग पाखिन र स्कुटरको पछाडी सवार ३६ वर्षीया जानुका लामा घाइते भएको प्रहरीले जानकारी दिएको छ। घाइते तीनै जनालाई उपचारका लागि हेटौँडा अस्पताल लगिएको छ। मोटरसाइकल चालक हेटौँडा-१५ का १९ वर्षीय रोहित दोङलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यस्तै, पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१९, बस्तिपुरमा लेवटबाट नेवारपानीतर्फ जाँदै गरेको ना १६ प ८५६ नम्बरको मोटरसाइकले पैदलयात्रीलाई ठक्कर दिएको थियो। मोटरसाइकलको ठक्करबाट पैदलयात्री ७५ वर्षीय कृष्ण बहादुर थापा मध्यम घाइते भएको प्रहरीले जानकारी दिएको छ। मोटरसाइकल चालक मनहरी गाउँपालिका-८ खरङ्गाका २९ वर्षीय मनोज सापकोटालाई प्रहरीले नियन्त्रणमा लिएको थियो। मोटरसाइकल चालक सापकोटाको स्वास्थ्य अवस्था बिग्रिएपश्चात घाईते पक्षसँग समन्वय गरी सापकोटालाई परिवारको जिम्मा लगाइएको छ।

# सिद्धार्थ शिशु सदनको वार्षिक खेलकुद सुरु


*वार्षिक खेलकुदमा सहभागी विद्यार्थीहरु ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनको खेलकुद सुरु भएको छ। बुधबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा वडा अध्यक्ष सुशील घिमिरेले वार्षिक खेलकुदको उद्घाटन गर्नुभयो। प्रिन्सीपल निर्मल पराजुलीको सभाध्यक्षमा उद्घाटन समारोह भएको हो। बिहीबारसम्म सञ्चालन हुने खेलकुदमा करिब २ सय जना विद्यार्थीको सहभागिता रहेको छ।

नर्सरी कक्षादेखि ९ कक्षासम्म रातो सदन, हरियो सदन, पहेँलो सदन र निलो सदनका विद्यार्थीको सहभागिता रहेको छ। उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष घिमिरेले गुणस्तरीय शिक्षा प्रदान गर्ने काम भइरहेको बताउनुभयो। खेलकुदको माध्यमबाट विद्यार्थीको समग्र विकासका लागि विद्यालयले आयोजना गरेको वार्षिक खेलकुद कार्यक्रमप्रति उहाँले खुशी व्यक्त गर्नुभयो। खेलकुदले विद्यार्थीको अनुशासन र बाहिरी ज्ञानलाई बढाउन मद्दत पुऱ्याउने उहाँले बताउनुभयो।

विद्यालय सञ्चालक समितिका अध्यक्ष नवराज अर्यालले विद्यालयको पाठ्यक्रममा पनि अतिरिक्त क्रियाकलापको विधालाई समावेश गर्न आवश्यक रहेको बताउनुभयो। पाठ्यक्रममा क्रियाकलापलाई समावेश गराएमा सबै विद्यार्थी सहभागी हुने पाउने उहाँले अपेक्षा गर्नुभयो। खेलकुद कार्यक्रम अन्तर्गत भलिबल, फुटबल, क्रिकेट, लङ्ग जम्प, टग अफ वार लगायतका खेलहरु सञ्चालन हुनेछ। विद्यार्थीको नृत्य प्रस्तुती, मार्चपाससहित प्रतियोगिताको उद्घाटन गरिएको थियो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई समापन कार्यक्रममा पदकसहित प्रमाणपत्र प्रदान गरिने छ। उद्घाटन समारोहमा शिक्षक प्रतिनिधिको उपस्थिति रहेको थियो।

# जेसीआई हेटौँडामा बनियाँ पदस्थापित

समाज संवाददाता

हेटौंडा : जेसीआई हेटौंडा वर्ष २०२५ को अध्यक्ष पंकज दास बनियाँ पदस्थापित भएको छ। बुधबार हेटौंडामा एक समारोहबीच जेसीआई हेटौंडा वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले बनियाँलाई अध्यक्ष पद हस्तान्तरण गर्नुभएको हो।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतिथ्यमा ४७ औं पदस्थापना तथा पुरस्कार वितरण समारोह भएको हो। कार्यक्रममा जेसीजका पूर्व पदाधिकारी, बोर्ड सदस्य, सल्लाहकारहरुलाई मायाको चिनो तथा सम्मानपत्र प्रदान गरिएको छ। वर्ष २०२४ का उत्कृष्ट बोर्ड सदस्य सञ्जय न्यौपानेलाई सम्मानपत्र प्रदान गरिएको छ। सन् २०१८ मा जेसीजको सदस्यमा स्थापित गराउनुहुने रविन नेपाललाई विकेशलाल श्रेष्ठले सम्मानपत्र प्रदान गर्नुभयो। जेसीआई हेटौंडाको कार्यकारिणी उपाध्यक्षमा निर्वाचित हुनुभएका सन्तोष पराजुली, विश्वप्रसाद गौतम, उपाध्यक्षमा किरण आले, कुशल रिजाल, विवेक फुयाँल र प्रविण श्रेष्ठको पदस्थापना भएको छ। जेसीआई हेटौंडाका १ सय ९९ सदस्य रहेका छन्। ४ दशकदेखि पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याउँदै समाजको समसामयिक विषयमा कलम चलाएको भन्दै वरिष्ठ पत्रकार प्रताप बिष्टलाई सम्मान गरिएको छ। कार्यक्रममा ९ नम्बर वडाका वडाध्यक्ष सुकराम केसीलाई मानार्थ सदस्यता प्रदान गरिएको छ।

पदस्थापन कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाट, हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, ११ नम्बर वडाध्यक्ष जुना दहालगायतको उपस्थिति रहेको थियो।

# अवैध लत्ताकपडा बरामद

समाज संवाददाता

हेटौँडा : मकवानपुर प्रहरीले हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी जाँच चौकीबाट एक लाख ४० हजार रुपैयाँ बराबरको अवैध लत्ताकपडा बरामद गरेको छ। बुधबार दिउँसो १ बजेको समयमा बिल बिजक नभएको कुर्ता एक सय ४५ पिस, साडी ४५ पिस लत्ताकपडा बरामद गरेको हो।

रौतहट जिल्लाको गौरबाट नारायणगढतर्फ जाँदै गरेको प्र ०३-००२ ख २१७९ नम्बरको यात्रुबाहक बसलाई रोकेर सुरक्षाजाँच गर्दा अवैध लत्ताकपडा बरामद भएको प्रहरीले जनाएको छ। बसको पछाडी डिक्कीबाट बरामद गरी आवश्यक कारवाही भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community

## बागमती गोल्डकप फुटबलको मिति सऱ्यो

# फागुन ३ गतेदेखि सुरु हुने

समाज संवाददाता

हेटौँडा : मकवानपुरको बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा हुने बागमती गोल्डकप फुटबल प्रतियोगिताको मिति सरेको छ। फागुन १ गतेदेखि सुरु हुने भनिएको प्रतियोगिताको मिति सरेको हो। गाउँपालिकाको सहिद स्मृति रंगशालामा हुने सातौं संस्करणको बागमती गोल्डकप प्रतियोगिता फागुन ३ गते सुरु हुने भएको छ।

बुधबार बागमती गाउँपालिकाको खेलकुद विकास समितिका संयोजक रहर सिंह थिङले एक सूचना जारी गर्नुहुँदै तयारीका लागि समयको अभाव परेको कारणले प्रतियोगिताको मिति २ दिन सारिएको जानकारी दिनुभएको छ। प्रतियोगिता सञ्चालनका लागि गाउँपालिकाको ३० लाख रुपैयाँ बजेट राखेको छ। प्रतियोगिताको उपाधि विजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ।

प्रतियोगितामा 'ए' डिभिजन ७, मोफसलका ३ सहित १० टिमको सहभागिता रहने छ। प्रतियोगिता सम्पन्न गर्नका लागि ७४ लाख ७३ हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ। प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार प्रदान गरिनेछ। म्यान अफ द म्याचलाई दश हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने छ। गत वर्षको प्रतियोगिताको उपाधि मच्छिन्द्र युथ क्लब काठमाडौंले जितेको थियो।

## दोस्रो वडा खेलकुद महोत्सव सुरु

# हाजिरीजवाफमा ब्रह्मदिक् एकेडेमी प्रथम

समाज संवाददाता

हेटौंडाः बुधबारबाट हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा दोस्रो वडा खेलकुद महोत्सव सुरु भएको छ। आउँदो फागुन १७ गतेसम्म सञ्चालन हुने महोत्सवमा पहिलो दिन वडास्तरीय हाजिरीजवाफ प्रतियोगिता भएको हो।

प्रतियोगितामा ब्रह्मदिक् एकेडेमी बोर्डिङ स्कूल प्रथम भएको छ। आभाष घिमिरे, दिव्यान्स शाही र कृष्मा लौडारीको समूह प्रथम हुन सफल भएको शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालले जानकारी दिनुभयो। प्रतियोगितामा नवोदय शिशु सदन बोर्डिङ स्कूल द्वितीय भएको छ। आर्शिया बर्तौला, बिदान पकुवाल र पर्जन्य कुशवाहाको समूह द्वितीय भएको हो। आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय तृतीय भएको छ। आभाष कटुवाल, निरञ्जनकुमार यादव र सुमन यादवको समूह तृतीय हुन सफल भएको उहाँले जानकारी दिनुभयो।

वडास्तरीय हाजिरीजवाफ प्रतियोगितामा भुटनदेवी माध्यमिक विद्यालय, श्रमिक माध्यमिक विद्यालय र सत्यम जेभियर्स बोर्डिङ स्कूलको टिम पनि सहभागी भएका थिए। कार्यक्रममा हेटौंडा-४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलगायतको उपस्थिति रहेको थियो।

महोत्सवको दोस्रो दिन माघ १३ गते वक्तृत्वकला प्रतियोगिता हुनेछ। तेस्रो दिन माघ १४ गते वादविवाद प्रतियोगिता हुनेछ। ४ वटा विधामा नगरस्तरीय, २ वटा विधामा जिल्लास्तरीय र अन्य वडास्तरीय गरेर २६ विधामा प्रतिस्पर्धा हुने बताइएको छ। महोत्सवको अन्तिम दिन जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता हुनेछ।

# रुखबाट लडेर घाइते

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिकामा रुखबाट लडेर एक जना पुरुष घाइते भएका छन्। मंगलबार साँझ ५ बजेको समयमा मनहरी गाउँपालिका-८, देवकोटमा रुखबाट लडेर ३६ वर्षीय चन्द्र बहादुर मोक्तान घाइते भएका छन्।

मोक्तान आफ्नै घर नजिकै रहेको बारीमा घाँस काट्ने क्रममा रुखबाट लडेर घाईते भएका हुन्। घाइते मोक्तानलाई उपचारका लागि चितवन जिल्लाको भरतपुर अस्पताल लगिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर**

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र संचारमाध्यम विज्ञापन बोर्डमा सुचीकरण गरौं,
- विज्ञापन बोर्डमा सूचीकरण भएका संचारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र संचारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- संचारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीचबाट मात्रा विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ